# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३७) काठमाडौं, असार २६ गते २०४४ साल (अतिरिक्ताङ्क १५ (आ)


## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारको निकासी पैठारी नियमहरू, २०३४ को नियम ८ को उपनियम (४) र नियम ९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पैठारी इजाजतपत्र जारी गर्दा र संशोधन गर्दा तथा सोको प्रतिलिपि प्रदान गर्दा देहायबमोजिमको दस्तुर लाग्ने गरी तोकिदिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

पैठारी इजाजतपत्र दस्तुर

१. पैठारी गरिने सबै वस्तुहरूको मूल्यको १ (एक) प्रतिशतका दरले पैठारी इजाजतपत्र दस्तुर लाग्नेछ ।

२. नं. १ मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिगत पैठारीको हकमा देहायबमोजिम पैठारी दस्तुर लाग्नेछः–

(१) तल नं. २ (२) मा तोकिएका वस्तुमध्ये प्रत्येक वस्तुको एक थानसम्मको लागि आफूले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको ४० प्रतिशतसम्मको मूल्यको वस्तु पैठारी गर्दा देहायबमोजिमको पैठारीकर्ताको विभाजन अनुसार पैठारी हुने वस्तुको मूल्यमा देहायबमोजिमको प्रतिशतमा पैठारी इजाजत दस्तुर लाग्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ सरकारबाट वा सम्बन्धित निकायबाट सटही सुविधा प्राप्त व्यक्ति, काजमा जाने कर्मचारी, अध्ययनार्थ जाने विद्यार्थी र सभा, सेमिनार, सम्मेलन, तालीम आदिमा जाने व्यवसायीका निमित्त एक प्रतिशत ।

(ख) विदेशमा व्यवसाय वा नोकरी गरी बस्ने व्यक्तिहरू

(१) मासिक यू. एस. डलर १,००० (एक हजार) भन्दा कम आर्जन गर्नेको निमित्त ५ प्रतिशत ।

(२) मासिक यू. एस. डलर १,००० (एक हजार) वा सो भन्दा बढी आर्जन गर्नेको निमित्त १२.५ प्रतिशत ।

(ग) नेपालमा कार्यरत विदेशी व्यक्तिहरू (कूटनैतिक सुविधा प्राप्त बाहेक) वा पर्यटन विभागको सिफारिश प्राप्त पर्यटकहरूले निजी प्रयोगको लागि पैठारी गर्ने वस्तुमा १२.५ प्रतिशत ।

(२) माथि नं. २ (१) मा उल्लेख भए अनुसार व्यक्तिगत पैठारीको प्रयोजनका लागि देहायबमोजिमका वस्तुहरू तोकिएका छन्ः–

| | |
|---|---|
| १. मोटरकार वा जीप वा स्टेशन वागन | २. मोटरसाइकल |
| ३. टेलिभिजन र बुस्टर | ४. भिडियो डेक |
| ५. निटिंग मेशीन | ६. स्वीइंग मेशीन |
| ७. वासिंग मेशीन | ८. रेफ्रिजिरेटर |
| ९. रेडियो, क्यासेट प्लेयर र रेकर्ड प्लेयर–संयुक्त वा अलग अलग | १०. क्यामेरा |
| ११. डोमेस्टिक ओभन | १२. प्रोजेक्टर |
| १३. बाथरूम सेट | १४. कम्प्यूटर |

१५. बन्दूक र गोलीहरू (गृह मन्त्रालयको सिफारिशको संख्या अनुसार)

(३) आफूले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको ४० प्रतिशतसम्मका रकमले (नं. २ (२) मा तोकिएबमोजिमका वस्तु बाहेक) परिमाणात्मक बन्देज अन्तर्गत क, ख र ग वर्गमा तोकिएका वस्तुहरू एक थान पैठारी गरेकोमा जुन वर्गको वस्तु पैठारी गरेको हो सोही अनुसार क्रमशः १०,२० र ३० प्रतिशतका दरले थप दस्तुर लाग्नेछ ।

(४) आफूले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको ४० प्रतिशतसम्मको रकमले माथि नं. २(२) मा तोकिएका वस्तुहरूमध्ये कुनै एक वस्तु एकै पटकमा एक


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३४

भन्दा बढी थान पैठारी गरेमा वा ३ वर्षभित्र सोही वस्तु पुनः पैठारी गरेमा त्यस्तो वस्तु परिमाणात्मक बन्देजअन्तर्गत क, ख र ग वर्गमध्ये जुन वर्गमा पर्छ सोही अनुसार एकभन्दा बढी थानको पैठारीमा क्रमशः १०, २० र ३० प्रतिशतको दरले थप दस्तुर लाग्नेछ ।

(५) आफूले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको ४० प्रतिशतसम्मको रकमले (नं. २(२)मा तोकिएबमोजिमका वस्तु बाहेक) परिमाणात्मक बन्देजअन्तर्गत क, ख र ग वर्गमा तोकिएका वस्तुहरूमध्ये कुनै एक वस्तु एकै पटकमा एक थानभन्दा बढी पैठारी गरेमा एकभन्दा बढी थानको पैठारीमा सोही वर्गको वस्तुमा क्रमशः १५, ३० र ४५ प्रतिशतको दरले थप दस्तुर लाग्नेछ ।

(६) आफ्नो आर्जनको ४० प्रतिशतले हुने मोलभन्दा बढी मोलको वस्तु पैठारी गरेमा त्यस्तो बढी मोलमा ४० प्रतिशत ।

(७) माथि उल्लेखित प्रकरणभित्र नपरेको विषयहरूका सम्बन्धमा वस्तुको मूल्यको ५० प्रतिशत ।

३. विदेशमा बस्दा प्रयोग भएका घरायसी सामानहरू आफू फर्की आउँदा आफूसँग वा पछि ल्याएमा उक्त वस्तुको हुने मूल्यको १ प्रतिशतको दरले पैठारी इजाजतपत्र दस्तुर लाग्नेछ ।

४. व्यक्तिगत प्रयोजनको लागि वस्तु पैठारी गर्न चाहने व्यक्तिले आफू विदेशबाट फर्केको ९० दिनभित्र निवेदन दिई १२० दिनभित्र इजाजतपत्र उठाई सक्नु पर्नेछ । कुनै कारणबस सो १२० दिनभित्र पैठारी इजाजतपत्र उठाउन नसकेमा विदेशबाट फर्केको १८० दिनभित्र इजाजतपत्र उठाउन आएमा नं. २ मा उल्लेखित दरमा थप ५ प्रतिशत दस्तुर लिई इजाजतपत्र दिन सकिनेछ ।

५. नं. २ को (३), (४), (५), (६) र (७) मा उल्लेख भएका वस्तुहरूको इजाजतपत्र पैठारीकर्ताले वस्तु पैठारी गरी सकेको अवस्थामा मात्र जारी गर्न सकिनेछ ।

६. <u>पैठारी इजाजतपत्रको संशोधन तथा प्रतिलिपि दस्तुरः–</u>

हालसम्म जारी भइसकेको अथवा अब जारी हुने पैठारी इजाजतपत्रको प्रतिलिपि जारी गर्दा वा संशोधन गर्दा लाग्ने दस्तुर कायम गर्ने प्रयोजनका लागि समेत माथि तोकिएको इजाजत दस्तुरलाई आधार मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. माथि उल्लेखित नं. १ र ३ मिति २०४४।४।१२ देखि नं. २ (१) को (ख) र (ग) मिति २०४४।६।२१ देखि र अन्य नं. हरू मिति २०४४।७।२ देखि लागू हुनेछन् ।

८. पैठारी इजाजतपत्र दस्तुरका सम्बन्धमा यसअघि प्रकाशित सबै सूचनाहरू खारेज गरिएका छन् ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१३६८